->जीवनोपयोगी शिक्षाको अर्थ एक वाक्यमा लेख्नुहोस् ?

→जीवनोपयोगी सिप सिकाउने प्रक्रिया नैं जीवनोपयोगी शिक्षा हो जसले मानव जीवनलाई सरल, सहजू मिर्जनशील र मर्यादित बनाउन सहयोग गर्दछ ।

->पूर्वीय चिन्तनअन्तर्गतका कुनै दुई परम्पराको नाम लेख्नुहोस् ?

→पूर्वीय चिन्तनअन्तर्गतका कुनैं दुई परम्परा निम्नानुसार छन्:

हिन्दु परम्परा , बौद्ध परम्परा

->तपाईको कुनै लेख, रचना चोरी भएमा तपाईले गर्ने कुनै दुई कार्यहरू उल्लेख गर्नुहोस् ?

→मेरो कुनैं लेख, रचना चोरी भएमा म निम्नानुसारको कार्य गर्छु:

*सम्बन्धित ठाउँमा उजुरी गर्छु/ *,प्रतिलिपि अधिकार ऐनअनुसार सजायको व्यवस्था गर्छु।

->तपाईलाई मन पर्ने एउटा विषयवस्तुको अनुसन्धान शीर्षक तयार पार्नुहोस्?

→मलाई मन पर्ने एक अनुसन्धान शीर्षक 'परायसी निर्णयमा महिलाको अधिकार' हो ।

->नेपाल संवत् कहिलेदेखि सुरुवात भयो? वि.स.मा लेख्नुहोस् ?

→नेपाल संवत् विस: ९३६ देखि सुरुवात भयो।

->तपाईको विद्यालयमा कुनै दृष्टि विहीन साथी छन्। तपाई उहाँलाई कसरी सहयोग पुर्याउन् सक्नुहुन्छ। कुनै दुई बुंदा लेख्नुहोस् ?

→मेरो विद्यालयमा रहेका दृष्टि विहीन साथीलाई म निम्नानुसार सहयोग पुऱ्याउँछु

*अध्ययन गर्दा पढेर उनीहरूलाई सुताई सहयोग गर्छु।

*विद्यालय आउँदा जाँदा हुने अप्ठ्यारोहरूमा सहयोग गर्छु।

->नेपालमा सूचनाको हकको कार्यान्वयन सम्बन्धमा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्तलाई सोध्न सकिँ दईओटा प्रश्नावलीको नमूना तयार पार्नुहोस् ?

→सूचनाको हकको कार्यान्वयन सम्बन्धमा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्तलाई सोध्न सकिने दुईओटा प्रश्नावलीको नमूना निम्न छन् :

*तपाईले निवेदन दिएको १७ दिन भित्रसम्म पनि किन सूचना उपलब्ध गराउन आनाकानी गरिरहनु भएको छ।

->सहरीकरणका कुनैं दुईओटा आयामहरू प्रस्तुत गर्नुहोस् ?

→सहरीकरणका कुनैं दुईओटा आयामहरू निम्न छन्:

*जनसङ्ख्या

*पूर्वाधारको विस्तार

->आर्थिक विकास र आर्थिक वृद्धिबिचको एक भिन्नता लेख्नुहोस् ?

→आर्थिक विकासले देशको समग्र विकासलाई सङ्केत गर्दछ भने आर्थिक वृद्धिले देशको कुल आम्दानीलाई मात्र सङ्केत गर्दछ ।

->तपाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री हुनु भयो भने देशको व्यापार घाटा न्युनीकरण गर्न तपाईले अपनाउने दुई उपाय लेख्नुहोस् ?

→म उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री भएँ भने देशको व्यापार घाटा न्युनीकरण गर्न निम्न दुई उपाय अपनाउँछु

*नेपालबाट थोरै मूल्य पर्ने सामानहरू निर्यात गरी कम मूल्य पर्ने थोरै सामान उपाय आयात गर्नेछु ।

*नेपालबाट विद्युत् बङ्गलादेशसम्म निर्यात गर्ने र हिमनदीको पानी बोतलमा राखी खाडी मुलुकसम्म पठाउने व्यवस्था गरी विदेशी मुद्रा आर्जन गर्ने नीति अख्तियार गर्नेछु ।

->समावेशी शिक्षाको अर्थ एक वाक्यमा प्रष्ट पार्नुहोस् ?

→आर्थिक, सामाजिक, वर्गीय, लैङ्गिक, अपाङ्गता आदिका कारणले शिक्षामा पछि परेका समुदायलाई विभिन्न सुविधाहरू उपलब्ध गराई शिक्षामा पहुँच पुयाउने कार्यलाई समावेशी शिक्षा भनिन्छ ।

->नेपालले अवलम्बन गरेको अर्थ व्यवस्था वर्तमान परिप्रेक्ष्मा कतिको उपयुक्त छ ? एक वाक्यमा लेख्नुहोस् ?

→नेपाल एक विकासोन्मुख राष्ट्र भएको हुनाले नेपालले वर्तमान समयमा मिश्रित अर्थव्यवस्था अवलम्बन गरेको छ जुन पूंजीवादी र समाजवादी अर्थव्यवस्थाका राम्रा पक्षलाई समावेश गरी बनाइएको आर्थिक प्रणाली भएकोले उपयुक्त छ ।

->दिगो विकासको अवधारणा अनुसार तपाईको स्थानीय तहमा सञ्चालित कुनैं दुई विकासका कार्यहरू उल्लेख गर्नुहोस् ?

→ दिगो विकासको अवधारणाअनुसार मेरो स्थानीय तहमा सञ्चालित कुनैं दुई विकासका कार्यहरू निम्नानुसार उल्लेख गरिएको छ:

*कृषिमा आधुनिकीकरण परियोजना कार्यक्रम सञ्चालन भएको छ।

*उज्जवल विजयिज कार्यक्रम सञ्चालन भएको छ।

->जिबन उपयोगी सप भनेको केहो ?

→माननसको जिबन लाई स्वस्थ, सफल र साथथक बनाउनका ननजतत आवश्यक पनेशसपहरूलाई जिबन उपयोगी शसप भननन्छ ।

->वैदेशिक व्यापार भन्नाले के बुझिन्छ?

→वैदेशिक व्यापार भन्नाले अर्थात् देश भित्र र बाहिरको वस्त्र, सामग्री, सेवा, उत्पादन आदि को व्यापार गर्ने कामलाई वैदेशिक व्यापार भनिन्छ। यसले विभिन्न देशहरूबाट वस्त्र, भण्डारण सामग्री, पेट्रोलियम पदार्थहरू, तकनिकल ज्ञान, सेवा, आदि को व्यापार गर्ने संघर्षमा सहायता पुर्याउँछ।

->अनुसन्धान भनेको के हो?

→अनुसन्धान भन्नाले तात्त्वात्मक, व्यावसायिक, वा प्रौद्योगिकी दृष्टिकोणबाट जानकारी वा ज्ञान प्राप्त गर्ने प्रक्रिया वा कार्यक्रम बुझाउँछ। यसले नयाँ विज्ञान, प्रौद्योगिकी, उत्पादन प्रक्रिया, व्यापारिक निर्देशिका, आदि संबन्धित जानकारी प्राप्त गर्न सहायता पुर्याउँछ।

->क्षेत्र अवलोकन भन्नाले के बुझिन्छ?

→क्षेत्र अवलोकन भन्नाले कुनैं विशेष क्षेत्रको समीक्षा गर्ने, त्यसको स्थिति, अवस्था, प्रगति, चुनौतीहरू, र सम्भावित समाधानहरूको अध्ययन गर्ने अर्थ हुन्छ। यसले विशेष क्षेत्रका विकास र उसका समस्याहरूको विश्लेषण गर्नमा मद्दत पुर्याउँछ।

->शाब्दिक प्रस्तुतिकरण भनेको के हो?

→शाब्दिक प्रस्तुतिकरण भन्नाले तथ्यात्मक वा सांख्यिकीय डेटा, विचार, अभिप्राय, वा विषयको सम्प्रेषण र विवरण प्रदान गर्ने क्रिया वा प्रक्रिया बुझिन्छ। यसले विशेष विषय, विचार, वा डेटालाई तथ्यात्मक रूपमा प्रस्तुत गर्नमा मद्दत पुर्याउँछ।

->बौद्धिक चोरी भनेको के हो?

→"बौद्धिक चोरी" भन्नाले कसैको विचार, विज्ञान, वा अध्ययनहरूलाई बिनासम्म त्याउने अभ्यासलाई संक्षेपित रूपमा देखाइन्छ। यो सामाजिक, सांस्कृतिक, वा राजनीतिक विषयमा गरिएको निराधार, प्रायः प्रतिष्ठित वा अनुपयुक्त विचारहरूको चोरी गर्नलाई संकेत गर्दछ।

->समालोचनात्मक चिन्तनको अर्थ के हो?

→समालोचनात्मक चिन्तन भन्नाले विषय, विचार, वा कार्यक्रमहरूको पुनरावलोकन, विश्लेषण, र निरीक्षण गर्ने अभ्यास वा प्रक्रिया बुझिन्छ। यसले समस्या, सिद्धान्त, व्यवस्थितता, र नयाँ विचारहरूको परीक्षा गर्नमा मद्दत पुर्याउँछ।

->सिर्जनात्मक चिन्तन भनेको के हो?

→सिर्जनात्मक चिन्तन भनेको विचार र कल्पना को सकारात्मक रूपमा अवलम्बन गर्नु हो। यसले व्यक्ति लाई नयाँ विचार र कल्पना देखाउँछ र सृजनात्मकता विकसित गर्न मद्दत पुऱ्याउँछ।

->संवेग व्यवस्थापन भनेको के हो?

→संवेग व्यवस्थापन भनेको अप्रत्याशित स्थितिहरू वा अवस्थाहरूको सामायिक, सकारात्मक रूपमा प्रभावकारी ढंगले नियन्त्रण गर्ने कौशल हो। यसले व्यक्ति वा संगठनलाई असल समस्याहरूको सामुदायिक रूपमा समाधान गर्न मद्दत पुऱ्याउँछ।

->समानुभूति भन्नाले के बुझिन्छ?

→समानुभूति भन्नाले अर्को व्यक्ति वा समूहको भावनाहरू, अनुभवहरू, र समस्याहरूसँग संवेदनशील हुने भावना र अनुभूति बुझाउँछ। यसले हाम्रो संबल गर्दछ र हाम्रो साथीहरूको अनुभवलाई समझन, आदानप्रदान गर्न र सहयोग गर्न मद्दत पुऱ्याउँछ।

->वैदेशिक रोजगार ऐन २०६४ दोस्रो संशोधन २०७७ ले नेपालमा वैदेशिक रोजगारका लागि गरेका निम्निगतव्यवस्थाहरु?

*नेपाल सरकारले वैदेशिक रोजगारमा जान पाउने मुलुक तोक्नुपर्ने र ती मुलुकसँग द्विपक्षीय सम्झौता गर्नुपर्नेछ ।

*वैदेशिक रोजगार व्यवसाय गर्न इजाजत पत्र लिनुपर्ने, व्यक्तिलाई वैदेशिक रोजगारमा पठाउनुपूर्व श्रम विभागबाट स्वीकृति लिनुपर्ने र जाँदा स्वदेशी विमानस्थल प्रयोग गर्नुपर्नेछ ।

*कामदार छनोट गर्दा १५ दिनको सूचना प्रकाशन गर्नुपर्ने र निवेदकको नाम सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

*लैङ्गिक भिभेदबिना १८ वर्ष उमेर पुगेकालाई खुला प्रतिस्पर्धाबाट छनोट गर्नुपर्नेछ ।

*महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा दिनुपर्नेछ ।

*विभागबाट स्वीकृति लिई कुनैं व्यक्ति निजी प्रक्रियाबाट वैदेशिक रोजगारमा जान सक्नेछ ।

->शिक्षाको विकासमा समुदायले पुऱ्याउन सक्ने योगदानबारे चर्चा गर्नुहोस् ?

→ विद्यार्थीले विद्यालय समयभन्दा पहिला र पछि समुदाय र परिवारमा नैं बढी समय बिताउने हुँदा उनीहरूको सिकाइमा समुदायले महत्वपूर्ण भूमिका खेल्दछ। समुदायको संलग्नताले नैं विद्यालयमा विद्यार्थीहरूको भर्नादर, नियमितता र उपलब्धिमा वृद्धि गर्दछ। यसका अलावा समुदायले शिक्षाको विकासमा पुऱ्याउन सक्ने योगदानहरू निम्नानुसार छन् ।

*शिक्षालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय कार्यमा आर्थिक, भौतिक तथा मानवीय सहयोग गर्ने,

* शिक्षालयको सिकाइलाई सहयोग पुऱ्याउने गरी घरको वातावरण बनाउन अभिभावकहरूलाई सचेतना र सहयोग दिने,

*शिक्षालय र घरबिच प्रभावकारी सञ्चार सम्बन्ध कायम गरी अभिभावकहरूलाई विद्यालयको कार्यक्रम र्विद्यार्थीको प्रगतिबारे जानकारी दिने तथा शिक्षकलाई विद्यार्थीहरूको घरको वातावरणबारे जानकारी दिने,

*विद्यार्थीलाई गृहकार्य, परियोजना कार्य जस्ता सिकाइसंग सम्बन्धित कार्यहरूमा सूचना, विचार आदि दिएर सहयोग गर्ने,

*अभिभावकहरूलाई शिक्षालयको निर्णय प्रक्रियामा प्रभावकारी रूपमा सहभागी गराउने,

*शिक्षालयको कार्यक्रम, पारिवारिक अभ्यास तथा विद्यार्थीको सिकाइलाई सबल बनाउन समुदायमा भएकासोत साधन तथा सेवालाई पहिचान गरी शिक्षालयसँग एकाकार गराउने ।

->तपाईको क्षेत्रमा बाढी, पहिरो जस्तो विपत् आएमा उद्धार एवम् सुरक्षित कार्य गर्न जनसहभागिताका लागि के गर्नु हुन्छ कार्य सूचि तयार पार्नुहोस् ?

→मेरो क्षेत्रमा बाढी, पहिरो जस्तो विपत् आएमा उद्धार एवम् सुरक्षित कार्य गर्न जनसहभागिताका लागि म निम्न कार्यहरू गर्दछ:

*इन्टरनेट र रेडियोबाट मौसमी अवस्थाको सुचनाहरू लिन्छु ।

*बाढी परेर र पहिरो जान सक्ने ठाउँका मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहयोग गर्दछु।

*बालबालिका, वृद्ध, अपाङ्गा, गर्भवती महिला जस्ता अशक्त र सहयोग चाहिने वर्गलाई विशेष ध्यान दिएर सुरक्षित ठाउँमा लैजान्छु।

*बाढी र पहिरोले घरबेत बगाएका मानिसहरूलाई सार्वजनिक भवन स्थान आदिमा बसोबासको व्यवस्था मिलाउँछु।

*खानाको अभाव भएमा विभिन्न व्यक्तिहरू र संस्थाहरूसँग राहतको माग गर्छु र प्राप्त सहयोगलाई प्राथमिकताका आधारमा बाँइने व्यवस्था मिलाउँछ ।

*बाढी र पहिरोका कारण अस्तव्यस्त खानपान र रहनसहन हुने दुनाले रोगको सङ्क्रमण हुनसक्ने कुरालाईध्यान गरी जथाभावी फोहोर नगर्ने कुरामा जानकारी दिन्छु र यसको व्यवस्था गर्दछु ।

*घाइते र अङ्गभङ्ग भएकालाई अस्पताल, स्वास्थ्यचौकीसम्म पुऱ्याउने व्यवस्था मिलाउँछु ।

->वि.सं २००७ देखि २०१७ सम्मको अवधिलाई सङ्क्रमणकालीन अवधि मानिन्छ, किन ? विश्लेषण गर्नुहोस् ?

→वि.स २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भयो। २००७ सालको प्रजातन्त्र त्याउन राजा त्रिभुवन र भारतको पनि सहयोग रहेको थियो। त्यतिबेला राजा त्रिभुवन, राणा र नेपाली काङ्ग्रेसका प्रतिनिधिबिच दिल्लीमा त्रिपक्षीय सम्झौता भएको थियो सम्झौतामा नेपाली काङ्ग्रेसका ५ । यस र राणाका ५ जना प्रतिनिधि रहने गरी १० जना सदस्य भएको अन्तरिम मन्त्रिपरिषद् गठन गरियो र प्रधानमन्त्री चाहिं मोहनशमशेर रहने निर्णय गरियो र पछि संविधानसभाको निर्वाचनमार्फत देशमा नयाँ संविधान निर्माण गर्ने घोषणा पनि गरियो। राणाशासन हटेपछि पनि राणा प्रधानमन्त्री रहिरहेको कुरा चित्त नबुझेकोले डा के आई सिंहले विद्रोह पनि गरे तर उनी सफल हुन सकेनन् । वि.सं २०११ सालमा राजा त्रिभुवनको मृत्यु भयो र उनले विधान सभाको चुनाव गराउन सकेनन् । त्यसपछि उनका जेठा छोरा महेन्द्र राजा भए । वि.सं. २०१७ मा राजा महेन्द्रले केही विज्ञहरूको सहयोगमा पहिलो पटक आम निर्वाचन गरे र सोही संविधानअनुसार नेपालमा पहिलो पटक आम निर्वाचन भयो। १०९ स्थानमा भएको आम निर्वाचनमा नेपाली काङ्ग्रेसले ७४ स्थानमा जित हासिल गर्यो र सरकार गठन गयो । पिपी कोइराला वि.सं. २०१६ जेठ १३ गते नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बने ।पिपी नेतृत्वको सरकारको देश विदेशमा बढेको प्रभाव राजा महेन्द्रलाई मन परेन र उनले जननिर्वाचित सरकारले जनताको भलाइका लागि काम गर्ने नसकेको, भ्रष्टाचार बढेको, अशान्ति बढेको र विदेशीको हस्तक्षेप नेपालमा बढेको जस्ता आरोप लगाई दलहरूमाथि प्रतिबन्ध लगाई वि.सं. २०१७ पुस २२ गते निर्दलीय पञ्चायती व्यवस्था लागू भएको घोषणा गरे।

वि.सं. २००७ देखि २०१७ सालसम्म संविधान सभाको चुनाव हुन नसकेको, देशले स्थायी सरकार प्राप्त गर्न नसकेको, देश विधि सम्बत ढङ्गमा चल्न नसकेको र राजनैतिक स्थिरता र स्थायित्व प्राप्त गर्न नसकेको हुनाले यस अवधिलाई सङ्क्रमणकालीन अवस्था भनिन्छ ।

->जीवनोपयोगी सिप सिक्नाले हुने फाइदाहरु लेख्नुस्?

→ जीवनोपयोगी भन्नाले सामाजीक अध्ययनले लक्ष्य र्अथा उद्देश्य राखी कुनैं पनि समाजमा व्यक्तिले व्यवहारिक रुपमा कार्यन्वयन तथा संचालीक, व्यवहारिक पक्षलाई जोड दिने दिए नैं जीवनोपयोगी सिप भूप । सफल जीवन जिउने कलालाई जीवनोपयोगी सिप भनिन्छ।

जीवनोपयोगी सिप सिक्नाले हुने फाइदाहरु निम्न लिखित रूपमा उल्लेख गरिएको छ।

*पारिवारीक तथा सामाजिक सम्बन्धको विस्तार गराउँछ ।

*सामाजिक अध्ययनमा समावेश भएका विषयलाई व्यवहारमा लागु गराउदछ।

*व्यक्तिले समाजमा सरल तथा सहज तरिकाबाट जीवनयापन गर्न सक्छ ।

*शिक्षा, स्वास्थ्य रोजगारीका क्षेत्रमा अगाडी बढासहयोग गर्दछ।

*समानुभूति र सहयोगी भावनामा जोड दिन्छ।

*समस्याहरुको समाधान गर्न जोड दिन्छ ।

*नैतीकता मर्यादापूर्ण व्यवहार तथा अनुशासित जीवशैली बनाउँछ ।

->नेपाली साधन स्रोत र भूराजनीति अनुरुप त्यसलाई अनुकूल बनाउन नसक्नु आदि ?

→वि.सं. २००७ सालको क्रान्ति पश्चात् भएको राणा शासनको पतन पश्चात राजनीतिक दलले नेपाललाई सकारात्मक उडगबाट अगाडी बढाई सुशासन कायम गरी नेपालाई एक सक्षम राष्ट्रको रूपमा निर्माण गर्न सक्थे तर त्यो भएन। नेपालमा क्रान्तिपछि देशमा आएको त्यस्तो प्रभावलाई आउन नदिन राजनीतिक दलले निम्न बमोजिमको भूमिका खेल्नु पर्थ्यो।

भूमिकाहर

* राजनितिक एकता कायम गरी देश सहभागिता मुलक भूमिका हुनुपर्थ्यो। विकासमा सबै दलको

* राजनितिक स्थायीत्व कायम गर्न पहल गर्नु पर्थ्यो।

*दलीय स्वार्थ त्यागी राष्ट्र हितमा राजनीतिक पार्टी अगाडि हुनु पर्थ्यो।

* नेपालमा उपलब्ध स्रोत साधनको प्रयोग गरी विकास निर्माणको काम गर्नुपर्थ्यो ।

->नेपालमा सामाजिक रुपान्तरणबाट आएका पाँच पाँचवटा सकारात्मक र नकारात्मक प्रभावहरुको सूचि तयार पार्नुहोस्?

→सामाजिक रुपान्तरण भन्नाले सामाजिक परिवेश, क्रियाकलाप, मूल्यमान्यता, सरोकार एवं सम्बन्धहरूमा परिवर्तन आई एउटा अवस्थाबाट अर्को अवस्थामा पुग्ने प्रक्रिया हो। नेपालमा सामाजिक रुपान्तरणबाट आएका पाँचवटा सकारात्मक

X.प्रभावहरु निम्नानुसार रहेका छन् ।

* शिक्षा र सूचनामा वृद्धि,

*औद्योगिकरण र सहरीकरणमा वृद्धि,

*आधुनिकीकरण

*वैचारिक विस्तारमा सहजता

*सामाजिक चेतनामा वृद्धि।

X नेपालमा सामायिक रुपान्तरणबाट आएका पाँचवटा तकारात्मक : प्रभावहरु निम्नानुसार रहेका छन् ।

*परसंस्कृति ग्रहणमा वृद्धि

* साइबर अपराध तथा प्रविधिको दुरुपयोगमा वृद्धि,

* जातीय, धार्मिक तथा क्षेत्रीय इन्द्वको अवस्था सिर्जना

*सामाजिक अपराधमा वृद्धि,

* व्यक्तिवादी प्रवृत्तिका विकास।

->नेपालमा अनतर्राष्ट्रिय बसाइँसराइका कुनैं दुई उदाहरणहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

→नेपालमा अनतर्राष्ट्रिय बसाइँसराइका कुनैं दुई उदाहरणहरू निम्न छन् ।

*अध्ययनका लागि विद्यार्थीहरू विदेश जानु

*रोजगारीका लागि श्रमिकहरू विभिन्न देशहरू जानु ।

->नेपालमा अनतरप्रदेशीय बसाइँसराइका मुख्य दुई धारहरू के के हुन् ?

→नेपालमा अनतरप्रदेशीय बसाइँसराइका मुख्य दुई धारहरू निम्न छन् :

*हिमाली र पहाडी क्षेत्रबाट तराइतर्फ हुने बसाइँसराइ

*एक प्रदेशबाट अर्को प्रदेशमा हुने बसाइँसराइ ।

->लिच्छवि काल

→नेपालको इतिहासमा लिच्छवि वंशको शासनकाललाई निकै महत्वपूर्ण मानिन्छ । वंशावली एवम् पुराणहरूमा सूर्यवंशी क्षत्रियहरूले किरातहरूलाई जितेर नयाँ शासन व्यवस्था कायम गरेको उल्लेख पाइन्छ। गोपाल राजवंशावलीमा सूर्यवंशको प्रभावले नेपालमा किरात राजालाई जितेर लिच्छवि राजवंश चल्यो' भनी लेखिएको छ। राइट वंशावलीअनुसार किरात राजा 'गस्ती' लाई जितेर लिच्छवि राजवंशले नेपालमा शासन सुरु गरेको देखिन्छ । लिच्छवि राजवंशको थालनी कुन समयदेखि भयो, यसबारे यकिन गर्न सकिएको छैन। लिच्छवि शासनकालअन्तर्गत फेला परेको प्रमाणित अभिलेख राजा मानदेवको सन् ४६४ को चाँगुको अभिलेख हो। यसमा मानदेवभन्दा अगाडिका तीन पुस्ताको विवरण दिइएको छ। मानदेव लिच्छवि वंशका २९ औं राजा थिए । यसरी हेर्दा नेपालमा लिच्छवि शासन ई.पू. ३०० तिर भएको मान्न सकिन्छ ।